# कर तथा गैरकर राजस्व संकलन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका,२०७८
## मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७८।११।९

**प्रस्तावनाः** कर तथा गैरकर राजस्व संकलन सम्वन्धी निर्देशिका,२०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर तथा गैरकर राजस्व संकलन सम्बन्धी ऐन,२०७५ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "कर तथा गैरकर राजस्व संकलन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका,२०७८" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **"कर तथा गैरकर राजस्व संकलन सम्बन्धी निर्देशिका,२०७५" को दफा ७ मा संशोधनः** "कर तथा गैरकर राजस्व संकलन सम्बन्धी निर्देशिका,२०७५" को दफा ७ को उपदफा (४) पछि देहायका उपदफा (५) (६) र (७) थपिएका छन्।

"(५) प्रवेश शुल्क लिई सञ्चालन गरिने मेला-महोत्सव, सर्कस, कन्सर्ट, सांस्कृतिक कार्यक्रम, खेलकुद, प्रदर्शनी, नाटकघर, भिडियोघर, थियटर, दोहोरी साँझ, डान्सवार, मसाज सेन्टर, स्पा, फनपार्क तथा यस्तै प्रकृतिका मनोरञ्जन स्थलमा आर्थिक ऐनले तोके बमोजिमको दरमा मनोरञ्जन कर लाग्नेछ।

(६) धार्मिक, सांस्कृतिक, पुरातात्विक स्थलको सौन्दर्यतामा ह्रास ल्याउने तथा कानूनले बन्देज लगाएका बिषय तथा स्थानमा स्थानीय तहले प्रदर्शनी सञ्चालनमा रोक लगाउनेछ।स्थानीय तहले यस्ता क्षेत्रको पहिचान गरी निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम कुनै स्थानलाई निषेधित क्षेत्र घोषणा गरिएकोमा सोको सूचना सम्बन्धित स्थानीय तहले राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।"